जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ३१४ पृष्ठः ४ | २०८२ वैशाख ०१ गते सोमबार (Monday 13 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानमा सलहेश फूलबारी मेलाको रौनक



सिरहा,३१ चैत्र। नयाँ वर्षका दिन मात्र फुल्ने सुनाखरी फूल हेर्न र मन्दिरमा पूजापाठ गर्न लहान नगरपालिकास्थित सलहेश फूलबारीमा मेलाको रौनक छाएको छ। यो फूलबारी नौ बिघा क्षेत्रफलमा फैलिएको छ।

वैशाख १ गते लाग्ने मेलाको पूर्वसन्ध्यामा आज अपराह्नदेखि नै फूलबारीमा श्रद्धालुहरुको चहलपहल बढेको छ। मेला समितिका अध्यक्ष जयकान्त चौधरीका अनुसार भोलि वैशाख १ गते लाग्ने मेलाको सम्पूर्ण तयारी पूरा भएको छ। उनले भने, 'मेलालाई व्यवस्थित बनाउन स्वयम्सेवक खटाउने, व्यापारिक 'स्टल'हरु बनाउने सहज रुपमा श्रद्धालुलाई पूजास्थलसम्म पुग्ने प्रबन्ध गरिएको छ। मेलालाई व्यवस्थित गर्न सय जना स्वयम्सेवक खटाइएको छ भने भीडलाई व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरिएको छ'

मेला भर्न नेपाल तथा भारतबाट हजारौँ श्रद्धालु आउने गरेका छन्। दुई दिनअघिदेखि भारतका विभिन्न राज्यबाट आउने हजारौँ श्रद्धालु मेलास्थलमा नै बसेका छन्।

प्राकृतिक, सांस्कृतिक एवं धार्मिक पर्यटकीय सलहेश फूलबारी क्षेत्र लहान बजारदेखि चार किलोमिटर पश्चिम-दक्षिणमा पर्दछ। सहलेश मन्दिरका पुजारी जीतेन्द्र धामीका अनुसार १४ औं शताब्दीका राजा सलहेसको सौर्य, पराक्रम, वीरता, साहस र प्रेमसँग गाँसिएका गाथाहरुको सम्झनास्वरुप यहाँ प्रत्येक वर्ष वैशाख १ गते मेला आयोजना हुने गरेको छ।

यहाँ नयाँ वर्षको एक दिनमात्र हारमको रुखमा सुनाखरी फूल फुल्ने र सोही दिन साँझ परेसँगै ओइलाउने किम्वदन्ती छ। त्यही फूल हेर्न तथा मन्दिरमा पूजापाठ गर्न धार्मिक पर्यटक आउने गरेका छन्। राजा सलहेश तराईका पासवान जातिको इष्टदेव रहेको र तेह्रौं शताब्दीका लोकनायक

-बाँकी तीन पेजमा

## पेस्तोलसहित भारतीय नागरिक पक्राउ

**शिव पुरी**

रौतहट, ३१ चैत्र। राजदेवी नगरपालिका-८ लक्ष्मीपुर बेलबिछ्वा नाकाबाट शनिबार रात सशसस्त्र प्रहरीले गाजा र हतियारसहित एक भारतीयलाई पक्राउ गरेको छ। भारत बिहार सीतामढी जिल्ला बैरगनिया थाना क्षेत्रअन्तर्गत ग्राम पञ्चायत नन्दबारा गाउँका २३ वर्षीय किशन कुमारलाई पेस्तोल र लागूऔषधसहित पक्राउ गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी सन्तोषकुमार बस्नेतले जानकारी दिए। राति करिब साढे ९ बजे लक्ष्मीपुर बेलबिछ्वा नाका स्थित जैसवाल मदिरा पसलअगाडि मदिरा सेवन गरी झगडा गरेको सूचना पाएर पुगेको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट लक्ष्मीपुरको गस्ती टोलीले पेस्तोलसहित भारतीय नागरिक किशनलाई पक्राउ गरेको हो।

किशनको साथबाट एकथान अटोमेटिक पेस्तोल, प्रतिबन्धित लागूऔषध कोरेक्स सिरप ३ थान, नाइट्रोभेट ५ ट्याब्लेट र एउटा मोबाइल बरामद भएको एसपी बस्नेतले जानकारी दिए। पक्राउ परेका भारतीय किशनलाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि आइतबार जिल्ला प्रहरी कार्यालय, गौरमा बुझाएको सशस्त्र प्रहरीले जनाएको छ।

## स्थानीयको विरोधकै बीच मिश्रको सालिक निर्माणको काम धमाधम

**कमलेश ठाकुर**

जनकपुर, ३१ चैत्र। स्वर्गीय नेता रामनारायण मिश्रको सालिक निर्माण स्थललाई लिएर विरोध सुरु भएको छ। जनकपुरधामको गंगा सागरपूर्व डिलमा निर्माण भइरहेको सालिकको बजरंग युवा क्लबको अगुवाइमा विरोध भएको हो। रामनारायण मिश्र स्मृति स्मारक समितिले मधेश प्रदेश सरकारको ५ करोड ७४ लाख ९६ हजार सहयोगमा सालिक निर्माण गरिरहेको छ। तर, सालिक निर्माणले ऐतिहासिक संरचना मास्ने भन्दै स्थानीयले विरोध गर्दै धर्नासमेत दिएका छन्। निर्माणस्थल छेउमै स्थानीय धर्नामा बसेका छन्। तर, काम पनि धमाधम भइरहेको छ। कानुनविपरीत सालिक निर्माण भइरहेकाले विरोध गरेको स्थानीय तथा एमाले नेता शिवशंकर साहले बताए। उनका अनुसार पोखरीको डिलभन्दा १० मिटर छाडेर कुनै पनि संरचना बनाउनुपर्ने प्रावधान छ।

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सावधान रहीं, आगलागी से बचीं।**

गर्मी महिना शुरु होते हि आगलागी के घटनासब बेसी होखेला। हमनी के छोट असावधानी से जनधन के बहुते क्षति होखेला। ओहिसे आगलागी से बँचे खातिर सावधानी अपनाइँ।

१. सलाई, लाइटर जइसन आगीजन्य पदार्थ लइकालइकि के पहुँच से दूर रखीं। रसोइ के काम ओरइलाबाद आगी भुताएके मत भूलीं।
२.घर-अफिस तथा सम्वेदनशिल स्थान में आगी भुताबेवाला यन्त्र रखीं।
३. आगलागी भइलापर जोड से चिल्ला के जानकारी करावत सुरक्षित स्थान में जाइँ।
४.घरभितर लुके-छिपे के प्रयास मत करीं, घर बाहर निकललाबाद सभे परिवार आइल-नाआइल यकिन करीं।
५. धुवाँ भइल जगह से निकलत समय पेटकुनिया या घिसटत निकलीं।
६. अगर शरिर के कपडा में आगी लागियो जाइ त मत दगुरीं, पहिले आगी भुताइँ ओकरा बादे भागीं।
७. पेट्रोल, मट्टीतेल लगायत के प्रज्ज्वलनशील पदार्थसब लइकन के पहुँच से दूर रखीं।
८. आगी नियन्त्रण ना भइलापर वारुणयन्त्र या प्रहरी के १०० नम्बर में फोन करके जानकारी कराइँ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं**

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूजींमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,
- अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## प्रदेशमा 'अनावश्यक' संरचना खडा अनि खारेज

संघीयताजस्तो उन्नत लोकतान्त्रिक अभ्यासप्रति समेत जनमानसमा नकारात्मक धारणा बढाउन सबैभन्दा धेरै प्रदेश सरकारहरूको भूमिका रहेकामा सम्भवतः दुई मत हुँदैन। यही कारणले एकाध राजनीतिक दललगायत कतिपयले प्रदेश संरचनालाई देखाएर संघीयता नै खारेज गर्ने प्रस्तावसमेत गर्न थालेको हुनसक्छ। गण्डकी प्रदेश सरकारले खडा गरेका ३ वटा संरचना खारेज गर्ने निर्णय गरेको छ। यसरी खारेज गर्ने निर्णय गरिएका संरचनाहरूमा गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान (जिपास्ट), ताल संरक्षण विकास प्राधिकरण र दुग्ध विकास बोर्ड रहेका छन्। खारेजीमा परेका यी तीनवटा संरचनामा ३ आर्थिक वर्षमा करिब १३ करोड रुपियाँ खर्च भएको बताइएको छ। अर्थात्, यी संरचना खडा नै नगरिएको भए १३ करोड रुपियाँ राज्यको ढुकुटीमै रहने वा विकासनिर्माण, सामाजिक सुरक्षाजस्ता योजनामा खर्च हुने थियो।

यी निकायलाई खडा गर्दा वा खारेज गर्दा जुनसुकै कारण उल्लेख गरे पनि यो मूलतः कार्यकर्तालाई जागिर खुवाउने वा जागिरबाट हटाउने खेलमात्रै हो। र यसरी राज्यको ढुकुटीमा कार्यकर्ता पाल्ने खेल गण्डकी प्रदेशमा मात्र सीमित पनि पक्कै छैन। राजस्वले धान्न नसकिने गरी साधारण खर्च बढ्नुको मूल कारण राज्यको ढुकुटीबाट खर्च गर्ने अधिकार पाएका व्यक्तिले विवेक प्रयोग नगर्नु नै हो। साथै यस्ता निर्णय गर्दा विस्तृत अध्ययन गरी यर्याप्त सूचनाको आधार लिने अभ्यास पनि राजनीतिक र प्रशासनिक नेतृत्वमा छैन।

यी ३ संरचना नभएका भए पनि यिनले गर्ने काम रोकिने रहेनछ। प्रदेश सरकारले नै 'तत् निकायबाट सम्पादन हुने कार्य सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारले तोकेको यस्तै प्रकृतिको निकायबाट सम्पादन हुने' जो भनेको छ। अर्थात्, सरकारका विद्यमान संयन्त्रबाटै यिनले गर्ने भनिएका काम हुनेरहेछन् भने संरचना खडा गरिसकेपछि तिनलाई खारेज गर्ने निर्णय कुन अध्ययन वा जानकारीका आधारमा लिइयो ? लोकतान्त्रिक प्रणालीमा त कुनै पनि निर्णयको औचित्य पारदर्शीरूपमा सार्वजनिक गर्नु जरुरी हुन्छ।

यी संरचनाहरू खडा गर्ने र खारेज गर्ने निर्णयले पञ्चायतकालको 'पोखरी खन्ने र पुर्ने' फट्याइँको झल्को आउँछ। यसैले राज्यको ढुकुटीमा बोझ थप्ने यस्ता निर्णय गर्दा सम्बन्धित पदाधिकारी गम्भीर भएर विवेक प्रयोग गर्ने अपेक्षा राख्नु अन्यथा त नहोला नि !

# दुई पक्षबीच झडप भएपछि वीरगञ्जमा १२ बजेसम्म 'कर्फ्यू'

काठमाडौं, ३१ चैत्र। पर्साको वीरगञ्जमा दुई पक्षबीच झडप भएपछि 'कर्फ्यू' लगाइएको छ। जिल्ला प्रशासन कार्यालय पर्साले हिजो बेलुकी साढे ७ बजेदेखि आज दिनको १२ बजेसम्मका लागि 'कर्फ्यू' आदेश जारी गरेको हो। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले हनुमान जन्मोत्सवका अवसरमा तनाव भएसँगै शान्तिसुरक्षा र अमनचयन कायम गर्नका लागि 'कर्फ्यू' आदेश जारी गरिएको बताउनुभयो। कार्यालयले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम वीरगञ्ज महानगरपालिकाभित्र चार किल्ला तोकेर सिमानाभित्र कसैले आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी 'कर्फ्यू' आदेश जारी गरेको छ।

जसअनुसार पूर्वः भेडियाही चौक– वीरगञ्ज महा नगरपालिका–१५, पश्चिमः सिर्सिया पुल–वीरगञ्ज महानगरपालिका–२५ सम्म 'कर्फ्यू' आदेश जारी गरिएको हो। यस्तै, उत्तरतर्फ गण्डक चोकदेखि वीरगञ्ज महागरपालिका–१४ सम्म तथा दक्षिणतर्फ शङ्कराचार्य गेट– वीरगञ्ज महानगरपालिका–१६ सम्म 'कर्फ्यू' आदेश कायम रहने प्रशासनले जनाएको छ। यसअघि हनुमान जयन्तीका अवसरमा निकालिएको शोभायात्राका क्रममा स्थानीय दुई समूहबीच झडप भएको थियो। झडप नियन्त्रण गर्न प्रहरीले दुई राउन्ड हवाईफायर र केही सेल अश्रुग्यास प्रहार गरेको थियो। झडपमा केही प्रहरी घाइते भएका छन्।

# प्रकृतिको उपहारः नयाँ वर्षमा मात्र फुल्ने अद्भुत फूल



मिथिलेश यादव

लहान ३१ चैत्र। नयाँ वर्षमा शुभकामना आदान–प्रदान गर्नु सामान्य चलन हो। तर मिथिलामा भने विक्रम संवत्को नयाँ वर्षमा शुभकामना दिने काम प्रकृतिले नै गर्छ। बैशाख १ गते लहान नगरपालिका–२ मा अवस्थित सलहेस फूलवारीमा हरेक वर्ष झैं यसपटक पनि माला आकृतिको अनौठो फूल फुलेको छ। जसलाई मिथिलावासीले प्रकृतिद्वारा प्रदान गरिएको नयाँ वर्षको शुभकामना मानेका छन्। यो अद्भुत फूल मिथिलाका लोकनायक सलहेससँग जोडिएको छ। दशकौँदेखि फुल्दै आएको यस फूललाई हेर्न अहिले पनि फूलवारीमा भव्य मेला लागेको छ। लहान बजारदेखि ३ किलोमिटर दक्षिण–पश्चिममा पर्ने सलहेस फूलवारीमा रहेको हारमको रुखमा यो माला आकृतिको फूल हरेक वर्ष नयाँ वर्षमा मात्रै फुल्छ। फूलवारीमा सयौं रुख भए पनि मन्दिर नजिकै टाँसिएको दुई वटा अलौकिक फूल देख्न पाउँदा आश्चर्यचकित भएँ। रुखको बीचबाट माला झैं बनेर फुलेको फूल देख्दा आत्मा नै पुलकित भयो॥'

स्थानीय लोकविश्वास अनुसार, फूल श्रृंगार गर्ने दौना मालिनी नयाँ वर्षको दिन राजा सलहेससँग भेट्न फूलको रूपमा प्रकट हुने विश्वास छ। नयाँ वर्षमा मात्र फुल्ने यो फूल दैवी शक्ति हो वा दुर्लभ वनस्पति विशेषता, यसबारे हालसम्म वैज्ञानिक अनुसन्धान नभएको समितिका अध्यक्ष जयकान्त चौधरी बताउँछन्। उनका अनुसार, 'नेपालमा सुनाखरीका ८ प्रजाति छन् भने विश्वभर ३५ प्रजाति पाइन्छन्। तर, सलहेस फूलवारीको यो फूल निकै अनौठो र दुर्लभ छ। वैशाख १ गते पूर्णरूपमा फुल्ने र २ गतेदेखि विस्तारै मर्ने प्रकृति आफैँमा अद्भुत छ।' मिथिलाका महापुरुष सलहेस सातौं–आठौं शताब्दीका नायकका रूपमा भई सलहेसलाई मुक्त गर्छन्। यसबाट सलहेस र दौनाबीचको प्रेम प्रगाढ हुन्छ। नथुनीसिंह दनुवारद्वारा लिखित 'लोकनायक सलहेस' पुस्तकमा उल्लेख भएअनुसार राजा कुलेश्वरद्वारा संरक्षित फूलबारीको रेखदेख सलहेसको जिम्मामा थियो। फूलबारीमा फूल टिप्न दौना आइरहन्थिन्। सोही क्रममा दौना सलहेसप्रति मोहित भइन्।

सलहेससँग प्रेममा परेकी दौनाले आफ्नो प्रेमलाई विवाहमा रूपान्तरण गर्न भने सकिनन्। सलहेससँग दौनाले विवाह प्रस्ताव राखे पनि उनले स्वीकार गरेनन्। कारण उनी विवाहित थिए। दौनाले सलहेससँगको प्रेमलाई निश्चल राखिरहिन्। उनले विवाह गरिनन्। उनी सलहेसको सम्झनामा माला लिएर उभिइरहिन्। सलहेससँगको अमर प्रेमको सम्झनामा फूलबारीमा रहेको सलहेस मन्दिरको

सलहेस आफ्नो प्रभाव क्षेत्रमा बसेका जनताका लागि शोषण, अत्याचार र सामाजिक अराजकताको विरुद्ध निरन्तर संघर्षरत थिए। सलहेसलाई दुसाध जातिको भनिन्छ। प्राचीन समयदेखि नै दुसाधहरू शूरवीर मानिन्थे। त्यसैले सुरक्षाको जिम्मेवारी उनीहरूले पाउँथे। सलहेस पनि प्रारम्भमा पहरेदार नै थिए। पछि उनले आफ्नो सेनाको गठन गरी उत्तरतिरबाट तिब्बत र किरातहरूको आक्रमणको वीरतापूर्वक सामना गरेका थिए र



हारमको रुखमा मात्र यो फूल देखिन्छ।

वन तथा वातावरण विज्ञका अनुसार, सलहेस गाथासँग सम्बन्धित यो अनौठो फूल 'सुनाखरी' प्रजातिको विशेष प्रकार हो। फूलवारीका पुजारी नागेश्वर धामीका अनुसार, यो फूल राजा सलहेस र कुसमा मालिनीको प्रेमको प्रतीक मानिन्छ। धामी भन्छन्, "सुरुदेखि नै उही रुखमा यो फूल उस्तै स्वरुपमा फुल्दै आएको छ। अरू फूल झरेर भुइँमा खस्ने गरे पनि यो फूलको एक पत्र पनि भुइँमा नझर्ने विशेषता छ।" नयाँ वर्षमा मात्र फुल्ने यस अनुपम फूललाई हेर्न मिथिलाञ्चल, पूर्वी तराई, बिहार र नेपालका अन्य जिल्लाबाट पनि श्रद्धालुहरू भेला भएका छन्। भारत बिहारबाट आएका श्रद्धालुहरूमा विशेषगरी 'दुसाद' जातिको उपस्थिति उल्लेखनीय रहेको पुजारी धामी बताउँछन्। सलहेसलाई 'दुसाद' जातिको कुलदेवता मानिने भएकाले भारतबाट पनि उल्लेख्य संख्यामा भक्तजन आउँछन्।

भारत दरभंगाबाट आएका रोहिणी पासवानले पहिलोपटक फूलवारीको दर्शन गर्दा आफ्नो अनुभूति यसरी व्यक्त गरे, 'वर्षौंदेखि सलहेस गाथा सुन्दै आएका थियौं। आज ६५ वर्षको उमेरमा यस्तो चिनिन्छन्। लोकगाथामा प्रमुख स्थान ओगटेका सलहेसबारे आजसम्म गहिरो अध्ययन हुन सकेको छैन। तर मिथिला क्षेत्रका जनजीवनमा सलहेसको नाम गुञ्जिरहेकै छ। राजाले राजकुमारीको गुनासो तत्काल सुनवाइ गरी सलहेसलाई समात्न आदेश दिए। सलहेश समातिए।

चन्द्रावतीको सुरक्षामा खटिएका चुहडमललाई हटाएर उनको ठाउँमा सलहेसलाई राखियो। चुडहमलले आफ्नो अपमानको बदला लिन सुरुङ खन्छन् र राति सुतिरहेको अवस्थामा चन्द्रावतीका सबै गहना चोरेर भाग्छन्। चौकीदार राखिएका सलहेसलाई चोरीको आरोपमा जेल पठाइन्छ। सलहेसप्रति आशक्ति राख्ने तरेगनागढका चार राजकुमारीमध्ये दौना मालिन यो खबर सुनेपछि मर्माहत हुन्छिन्। उनले राजदरबारमा पुगेर कागज गरी केही समयका लागि सलहेसलाई मागी सबै गरगहनासहित चोर समातेर ल्याउने वचन दिन्छिन्। राजाले दौनाको विश्वासमा सलहेसलाई छाडिदिन्छन्। दौना आफू नटिन ( नर्तकी) र सलहेसलाई नट (नर्तक) बनाएर चुहडमलको घर पुग्छिन् र उनलाई आफ्नो मायाजालमा पारी सबै गहनासहित राजदरबारमा हाजिर गराउँछिन्। राजा प्रशन्न दक्षिणपट्टिको हारमको रुखमा वर्षमा एक पटक फूल्ने सुनाखरीको मालाआकृत फूल दौना र सलहेसकै 'प्रेम प्रतिक' भएको लोकमान्यतालाई दनुवारद्वारा लिखित पुस्तकमा उल्लेख गरिएको छ।

नयाँ वर्षका दिन फक्रिने यो मालाआकृत फूल प्रेमिका दौनाले सलहेसका लागि ल्याएकी थिइन्। जुन उनले सलहेसलाई पहिऱ्याउन पाइनन्। यी दुवैको प्रेमको प्रतीकका रूपमा नयाँ वर्षमा फक्रिने मालाआकृत फूल हेर्न यहाँ हरेक वर्ष भिड लाग्छ। यो फूलबारी १४औँ शताब्दीमा राजा पुरादित्यद्वारा लगाइएको कथन छ। १६औँ शताब्दीमा राजा कुलेश्वरले फूलबारीको संरक्षकका रूपमा सलहेसलाई नियुक्त गरेका थिए। फूलबारीमा सबभन्दा पहिले राजा कुलेश्वरको पूजाको चलन अझै कायम छ। सलहेस फूलबारीमा जैविक विविधता रहेको छ। ४५ प्रजातिका ७१ वनस्पति र ८२ प्रजातिका बिरुवा छन् त्यहाँ। फूलबारीको माटो घर पोत्न लग्ने क्रम अझै कायम छ। यहाँ भाकल गरेपछि मनोकामना पूरा हुने, सुख, शान्ति प्राप्त हुनुका साथै यहाँ गरिएको प्रेम र विवाह जीवनपर्यन्त सुखमय रहने जनविश्वास छ।

लोकगाथाका यी अमर पात्र आफ्नो समाजलाई स्वाभिमानीपूर्वक जिउने वातावरण मिलाएका थिए। लोककल्याणका लागि चामत्कारिक काम पनि गरेको हुनाले यिनी देवताको रूपमा पुजिन थाले। सलहेसको समयमा जादु–टुना, तन्त्र–मन्त्रको प्रगाढ प्रयोग भैरहेको थियो। आफ्नो स्वरूप परिवर्तन गर्ने, अरूको स्वरूप परिवर्तन गरिदिने, आकाशमा उड्ने, अदृश्य हुने, पशुपंक्षी पनि मानव जस्तै बोल्ने जस्ता अलौकिक त्रियाहरू हुने गरेका कारण विद्वानको एउटा वगर्ले सलहेसको समय छैठौं–सातौं शताब्दी ठान्छ। त्यसबेला मालिनीहरूको चर्चा आएको र तिनीहरू मन्त्रमा सिद्ध भएकाले पनि यस तर्कलाई उनीहरूले अघि बढाएका छन्। हर्षवर्धनको मृत्युपछि मिथिलामा आएको अराजक अवस्थाकै उपज सलहेस भएको एकथरी विद्वानहरूको मत छ।

गाथागायकहरूले राजा सलहेसलाई आफ्नो सौर्य–वीरताले गर्दा महिसौथा राज्यको राजासम्म भएको वर्णन गरेका छन्। एउटा अर्को मतमा कर्णाट राजा हरिसिंह देवको समयमा मैथिली भाषाको प्रथम गद्यग्रन्थ 'वर्णरत्नाकर'को रचना ज्योतिरीश्वर ठाकुरले सन्

**–बाँकी तीन पेजमा**

*खेलकुदमा...*

१३२४ तिर गरेका थिए। उक्त ग्रन्थमा 'लोरिकनाच'को चर्चा छ तर सलहेसको चर्चा छैन। त्यसैले सलहेसको समय चौधौं शताब्दीको अन्त्य वा पन्ध्रौं शताब्दीको सुरूतिर भएको हुन सक्ने अनुमान पनि गरिएको छ। तर त्यतिबेला राजदरबारमा संस्कृत पण्डितहरूको बर्चस्व रहेकाले दुसाध जस्ता तल्ला जातका नायक व्यक्तित्वबारे लेख्न आवश्यक नठानिएको हुन सक्छ। किनभने अहिले पनि सन् १८८१ मा जार्ज ग्रियर्सनले सलहेस गाथालाई लिपिबद्ध नगरेको भए कोही शास्त्रीय लेखकहरू ९शिष्ट साहित्यका प्रणेताहरू ० ले लेख्ने थिएनन्।

त्यति मात्र होइन, आजसम्म पनि एकजना डा. महेन्द्रनारायण राम ( सहलेसका स्वजातीय) बाहेक कसैले पनि सलहेस गाथाको उद्धार गरी लिपिबद्ध गर्ने साहस देखाएका छैनन्। त्यस्तै नेपालका पुरातत्वविद् तारानन्द मिश्र सलहेस गाथामा आएको महेश्वर भण्डारीको चर्चाको ऐतिहासिक साक्ष्यको आधारमा पृथ्वीनारायण शाहको समयसम्म ल्याउँदै सलहेस गाथालाई शाहकालको मध्यभाग वि.सं.१८३०



सन् १७७९० मा हुने तथ्य निरूपण गरेका छन्। लगभग एक सय वर्षपछि जार्ज ग्रियर्सनले सलहेस गाथाको प्रसंग छापे र दुसाध जातिद्वारा सलहेस पुजिन गरेको कुरा पनि भने। पचास–सय वर्षको अभ्यन्तरमा उनी महानायकबाट देवतासम्म हुन पुग्छन्। जुन त्यति सम्भव लाग्दैन। मैथिली लोकगाथामा सलहेसको स्थान यसकारण पनि विशिष्ट छ कि यसको प्रचार–प्रसार निकै विस्तृत भूभागमा फैलिएको छ। मैथिल गाथामा वर्णित स्थानहरू आजसम्म पनि छन्। यस्ता स्थानहरूमा महिसौथा (सलहेसको जन्म स्थान), सलहेस फूलबारी (राजा फूलबारी), जहाँ सलहेस पूजा गर्न फूल टिप्थे, मनिकदह (जहाँ सलहेस नित्य नुहाउँथे), पकडियागढ (जहाँको दरबारमा सलहेस चौकिदार थिए) कमलदह (जहाँ परीद्वारा सलहेसलाई जन्माएर छाडिएको विश्वास गरिन्छ, त्रिवेणी कमला, बैजनी र ताउखोलाको संगममा प्रत्येक वर्ष मेला लाग्ने ठाउँ, जहाँ सलहेसकी बहिनी वनसप्ती सतखोलियाका राजा शैनिप्रति मुग्ध भई पछि बिहे गरेकी, ननमहरी यहाँ रहेको मन्दिरमा सामान्य व्यक्तिको प्रवेशमा लागेको प्रतिबन्ध सलहेसले फुकुवा गराएका थिए, मोरङ (गाथामा हिन्दु पति महेश्वर भण्डारीको राजधानी जसकी चारवटी छोरी मालिन सलहेससँग आजीवन प्रेम गर्दै अविवाहित बसिन, बराटपुर )मधुबनी जिल्लाको बासोपट्टि निर अवस्थित स्थान, राजा सलहेसको ससुराली, सिलहट अखडा (सलहेस कुश्ती खेल्ने ठाउँ आदि ठाउँहरू महिसौथा नजिक नै छन्। यी स्थान अधिकांश सिराहा जिल्लामा पर्छन।

गाथाको बनौट र जननायक सलहेसको अवस्थिति, तिब्बत र किरातसँगको युद्धमा प्रदर्शित गरिएको बहादुरी जस्ता प्रसंगले पनि लोक नायक राजा सलहेसलाई नेपालको राष्ट्रिय विभूतिको रूपमा स्वीकार गर्नुपर्ने मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीको तर्क छ। सिराहा जिल्लामा रहेका सलहेस सम्बन्धित स्थलहरूको संरक्षण गर्नुपर्छ। सुरूमा एउटा सामान्य सुरक्षा अधिकारी ( चौकिदार, राज्यप्रहरी बाट आफ्नो जीवनयात्रा थालेका सलहेस नेपाल–भारतको मैथिली भाषी क्षेत्रमा पुजनीय बन्न पुग्नु सामान्य कुरा होइन। निकै लामो समयदेखि समाजको लोककण्ठमा बास बस्दै आएको सहलेसको कथाले सम्पूर्ण समाजलाई प्रभावित पार्दै जानुले लोकगाथाको प्राचीनता, विश्वसनीयता र अन्ततः ऐतिहासकता प्रमाणित हुन्छ। वर्ण व्यवस्थाको प्रारम्भिक चरणमा समाजमा शोषित, गुलाम, दास बनाउने प्रवृत्ति, सामन्तहरूको अत्याचार, जनपदीय राजाहरूको धन, प्रतिष्ठाको लालशाले निरन्तर एक–अर्कामाथि आक्रमणको सिलसिला चलेका बेला सलहेसले आफ्नो दलित, शोषित समाजका लागि सौर्य र तेजद्वारा नयाँ वातावरण निर्माण गर्न सक्नुले नै उनको व्यक्तित्वको उचाइलाई परिभाषित गर्छ।

# एमाले सिरहा अधिवेशन– असन्तुष्ट गोलबजार ६ का वडाध्यक्ष लामाले त्यागे पार्टी

सिरहा,३१ चैत्र। नेकपा एमाले सिरहाको ११औँ अधिवेशनबाट गरिएको नेतृत्व चयनमा असन्तुष्टि जनाउँदै एक वडाध्यक्षले पार्टी परित्याग गरेका छन्।

गोलबजार नगरपालिका ६ का निर्वाचित वडाध्यक्ष सञ्जित भन्ने सञ्जीव लामाले एमाले परित्याग गरेका हुन्। उनले शनिवार राति फेसबुकमार्फत साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेको घोषणा गरेका छन्।

स्रोतका अनुसार लामाकी बहिनी आशा योन्जन एमाले जिल्ला सह–सचिवमा दाबी गरेकी थिइन्। तर उनलाई बाइपास गरी खेमलक्ष्मी श्रेष्ठलाई सह(सचिव सर्वसम्मत चयन गरिएको छ। सोही कारण उनका भाइ लामा पार्टी परित्याग गरेका छन्।

आशाले पनि सामाजिक सञ्जालमा स्थायी कमिटी सदस्य तथा मधेस प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठमाथि आक्रोश पोखेकी छन्। उनले लेखेकी छन्, 'निर्णायक तहमा रहनलाई श्रेष्ठ परिवारमा




रहनु वा जन्म लिनुपर्छ। अन्यथा संगठनमा दासी भएर बस्नुपर्छ।'

गोलबजार नेता श्रेष्ठको गृहनगर हो। उनकै भाइ श्याम श्रेष्ठ गोलबजारका मेयर हुन्। पार्टी परित्याग गरेका वडाध्यक्ष लामा नगरपालिकाका प्रवक्ता पनि छन्। लामाले पार्टी परित्यागसँगै वडाध्यक्ष पद पनि त्याग्ने बताएका छन्।

*लहानमा सलहेश ...*

भएकाले सलहेशको पूजाअर्चना गर्नाले सन्तानप्राप्ति, चर्मरोग, कुष्ठरोगलगायत रोग नाश हुने जनविश्वास छ।

सरकारले सहलेसलाई धार्मिक पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरिसकेको छ। स्थानीय, प्रदेश तथा नेपाल सरकार र यस क्षेत्रमा क्रियाशील सरोकारवाला स संस्थाले फूलबारी व्यवस्थापनका लागि एकीकृत गुरुयोजना बनाएर काम गर्नुपर्नेमा सिरहा उद्योग वाणिज्य स अध्यक्ष विकास सारडाले जोड दिएका छन्।

*स्थानीयको विरोधकै ...*

तर, पोखरीको डिल र वर्षौंदेखि सञ्चालनमा रहेको सडक अतिक्रमण गरी सालिक निर्माण भइरहेकाले विरोध गरिएको हो। 'योग्य व्यक्तिको सालिक बनाउनुपर्छ, यसमा कुनै विरोध होइन,' उनले भने, 'तर, ठाउँ उपयुक्त भएन। यो एतिहासिक ठाउँ मासेर सालिक निर्माण हुनुभएन। गंगासागरलाई कुरूप बनाउने काम हामीलाई सैह्य छैन।'

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले निर्माण कार्य नरोकिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिए। उनले वैकल्पिक र उपयुक्त ठाउँमा सालिक निर्माण गर्न सरकारलाई सुझाव दिएको पनि बताए। 'सर्वपक्षीय बैठक गरेर निर्णय गरौं। उहाँको धेरै योगदान छ, उहाँका नाममा अझ शैक्षिक संस्थान र अस्पतालहरू नै बन्नुपर्छ,' उनले भने, 'तर उपयुक्त ठाउँमा बनाऔं। यो ठाउँ उपयुक्त छैन।' सालिकका नाममा एतिहासिक धरोहर पोखरी मास्ने काम भइरहेको उनले बताए। व्यक्तिको नाममा रहेको जग्गालाई रामनारायण मिश्र स्मृति स्मारक समितिका नाममा नामसारी गरेर ०७९ सालमा जनकपुरधाम उपमहानगरपालिकाबाट नक्सापास गराइएको थियो। दुई वर्षअघि सम्झौता भए पनि स्थानीयको विरोधका कारण गत वर्ष काम हुन सकेको थिएन। पूर्वाधार विकास कार्यालय धनुषाकी इन्जिनियर सुम्मी मिश्रले साढे दुई तल्ले भवन बनिरहेको जानकारी दिइन्। कर्मा बाबा जेभी निर्माण कम्पनीले निर्माण गरिरहेको छ। ०८२ फागुन २८ सम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने समयावधि तोकिएको छ।

# वीरगन्जमा कर्फ्यु उल्लंघन गर्ने ८५ जनालाई छाडियो

पर्सा, ३१ चैत्र। शनिबारदेखि तनावग्रस्त वीरगन्जमा लगाइएको कर्फ्युलाई स्थानीय प्रशासनले निरन्तरता दिएको छ। प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले आइतबार बिहान ११ बजे सूचनामार्फत शनिबार बेलुका ६:३० देखि आइतबार मध्याह्न १२ बजेसम्मका लागि जारी गरेको कर्फ्युलाई आइतबार राति १२ बजे सम्मका लागि निरन्तरता दिएको जनाएका छन्। आइतबार दिन भरी कर्फ्यु उल्लंघन गरेका ८५ जनालाई वीरगन्जको विभिन्न स्थानबाट नियन्त्रणमा लिइएको र उनीहरूलाई साँझ आफन्त बोलाएर अबदेखि कर्फ्यु उल्लघंन नगर्ने सर्तमा आफन्तको जिम्मा लगाएर छोडिएको पर्सा प्रहरीका प्रवक्ता डीएसपी किशोर लम्सालले बताए।

वीरगन्जको पूर्वमा बाइपास रोड, पश्चिम सिर्सिया पुल, उत्तर पावरहाउस चोक र दक्षिण शंकराचार्य गेटभित्रको क्षेत्रमा मात्र कर्फ्यु लगाइएको छ। शनिबार जारी गरिएको कर्फ्यु आदेशमा उत्तरमा गण्डक चोक कायम गरिएकोमा आइतबार त्यसलाई छोट्याएर पावरहाउस चोक बनाइएको हो।

हनुमान जयन्तीको शोभायात्राको क्रममा शनिबार वीरगन्जको छपकैया क्षेत्रमा तनाव भएको थियो ब। त्यस क्रममा नेपाल प्रहरीले ११ राउन्ड हवाई फायर र ७४ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो। सशस्त्र प्रहरीले ७४ राउण्ड अश्रु ग्यास प्रहार गरेको जनाएको छ। झडपमा नेपाल प्रहरीका प्रहरी उपरीक्षक गौतम मिश्र सहित १२, सशस्त्र प्रहरीका डीएसपी देवेन्द्रबहादुर सिंह सहित १६ र सर्वसाधारण १३ गरी ४१ जना घाइते भएको डीएसपी लम्सालले जानकारी दिए। घाइते सबै अस्पतालबाट डिस्चार्ज भइसकेको उनले बताए। झडपको क्रममा छपकैया क्षेत्रमा एउटा पसल पूर्ण रूपमा र अर्को आंशिक क्षति भएको छ। ४ वटा मोटरसाइकल पूर्ण रूपमा जलेका छन। ४ वटा मोटरसाइकलमा आंशिक क्षति पुगेको छ। सेफर वीरगन्जका केही सीसीटीभी क्यामेरा पनि क्षतिग्रस्त भएका छन्।

# नयाँ शैक्षिकसत्रका लागि सबै जिल्लामा पाठ्यपुस्तक पुग्यो

काठमाडौं, ३१ चैत्र। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले नयाँ शैक्षिक सत्रका लागि सबै जिल्लामा पाठ्यपुस्तक पुर्याएको छ। दुर्गम र हिमालीसहित सबै जिल्लाहरूमा पाठ्यपुस्तक पठाइसकेको केन्द्रले जनाएको छ। केन्द्रका अनुसार मुगु जिल्लाका दुई वटा पालिकाबाहेक अरू सबै पालिकाका बिक्री केन्द्रहरूसम्म पाठ्यपुस्तक पुगिसकेको छ। केन्द्रले एक



करोड ७० लाख ५० हजार ९०० थान पाठ्यपुस्तक छापेको थियो। कुनै बिक्री केन्द्रमा पाठ्यपुस्तक नपुगेको भएमा केन्द्रका वितरण केन्द्रहरू वा सम्बन्धित पालिकाको शिक्षा शाखा वा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईमा सम्पर्क गर्न जनक शिक्षाले अनुरोध गरेको छ। देशभर रहेका सूचीकृत बिक्रेताहरूले नयाँ शैक्षिक सत्र शुरु हुनु अगावै सबै विद्यालयमा छिटो छरितो पाठ्यपुस्तक पुग्ने वातावरण बनाउन समेत केन्द्रको आग्रह छ।

# सामुदायिक भवन बनाउन डोजर लगाएर भत्काइयो मुसहर परिवारको घर



**अवधेशकुमार झा**

राजविराज, ३१ चैत्र। सप्तरीको राजगढ गाउँपालिका–४ जमुवा टोलमा एक दलित मुसहर परिवारको घर स्थानीय जनप्रतिनिधिको निर्देशनमा भत्काइएको छ। वडाध्यक्ष अशोककुमार साहले सामुदायिक भवन बनाउनका लागि भन्दै गत चैत २६ मा जबरजस्ती डोजर लगाएर घर भत्काएको पीडित रञ्जनकुमारी सदाले बताइन्। जमुवा टोलस्थित सार्वजनिक पोखरीको डिलमा बाबुबाजेकै पालादेखि बसोबास रहेकामा वडाध्यक्ष साहले आफूहरुको सहमतिबिना जबरजस्ती डोजर लगाई घर भत्काएपछि बिचल्लीमा परेको उनले दुखेसो सुनाइन्।

'मेरो पति र ससुरा बुबा घरमा रहँदासम्म केही गरेनन्, चैत २२ गते रोजगारिका लागि उहाँहरू पञ्जाब जानुभयो। चार दिनपछि वडाध्यक्ष र उनले परिचालन गरेका व्यक्तिहरुले जबरजस्ती घर भत्काए,' रञ्जनकुमारीले भनिन्, 'घर नरहेपछि चार नाबालक छोरासहित छिमेकीको घरमा शरण लिएर बसेको छु।' जबर्जस्ती घर भत्काएपछि उनले चैत २९ गते न्यायको माग र दोषीलाई कारबाहीको गर्दै प्रमुख जिल्ला अधिकारीलाई निवेदन दिएकी थिइन्। उनको निवेदनमा प्रजिअ भोला दहालले सम्बन्धित पालिकासँग सवन्मय गरी छानबिनसहित आवश्यक सहजीकरण गर्न जिल्ला प्रहरी कार्यालय सप्तरीका नाममा तोक आदेश गरेका थिए।

राजगढ–४ का वडाध्यक्ष अशोककुमार साहले भने सामुदायिक भवन निर्माणका लागि सबैको सहमतिमा रञ्जनकुमारीको घर भत्काएको दाबी गरे। सप्तरीका एसपी ढकेन्द्र खतिवडाले वडा कार्यालयले सार्वजनिक जग्गामा रहेको घर सामुदायिक भवन बनाउन भत्काएको जानकारी आएको बताएका छन्। 'सामुदायिक भवन बाहेकको जग्गामा आवश्यक परे रञ्जनकुमारीको घर निर्माण गरिदिने कुरा वडाध्यक्षले बताएका छन्,' उनले भने। राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले प्रदेश सरकारबाट सामुदायिक भवन बनाउन २५ लाख रुपैयाँ बजेट आएको र भवन बनाउन वडा कार्यालय जग्गाको खोजीमा रहेकोसम्म जानकारी भएको बताए।

# 'अघोषित लोडसेडिङ' हटाउन उद्योग–व्यावसायीको माग

**शंकर आचार्य**

पर्सा, ३१ चैत्र। वीरगन्ज उद्योग वाणिज्य संघले वीरगन्ज–पथलैया औद्योगिक करिडोरमा जारी अघोषित लोडसेडिङ हटाउन माग गरेको छ। नेपाल विद्युत् प्राधिकरणले गरिरहेको अघोषित लोडसेडिङ र बिनासूचना विद्युत् कटौतीप्रति संघले विज्ञप्तिमार्फत चिन्ता जनाएको हो। संघले समस्याको वैकल्पिक उपायको खोजी गर्न प्राधिकरणसँग माग गरेको छ।

'आजभन्दा ५–६ वर्षअघि प्राधिकरणले घोषणा गरेको लोडसेडिङमुक्त औद्योगिक क्षेत्र तथा उज्यालो नेपालको नाराबाट उत्साहित उद्योगी, व्यवसायी तथा सर्वसाधारण नेपाली यताका दिनमा बढ्दो विद्युत् कटौती, गुणस्तरीय विद्युत् आपूर्तिको अभावका कारण उद्योगहरुको उपकरण र कच्चा पदार्थ बिग्रिनुका साथै उत्पादन प्रक्रियामा समेत नकारात्मक असर परिरहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'पर्सा–बारा औद्योगिक कोरिडोरका उद्योगहरुले विभिन्न समस्या खेपिरहेकै बखत विद्युत् कटौतीको समस्या झेल्नुपर्दा उद्योगीहरु मर्कामा परेका छन्।' विद्युत् कटौतीका बेला डीजी सेटबाट उद्योग सञ्चालन गर्नुपर्दा उत्पादन लागत बढ्न गई उद्योगहरुले आफ्नो प्रतिस्पर्धात्मक क्षमता गुमाउदै गइरहेको उल्लेख गर्दै विज्ञप्तिमा साना उद्योगले विद्युत् कटौतीका बेला डीजी सञ्चालन गर्न नसक्ने भएकाले उद्योग नै बन्द राख्नुपर्ने अवस्था रहेको उल्लेख छ।

वीरगन्ज–पथलैया औद्योगिक कोरिडोरमा अवस्थित औद्योगिक फिडरमा २४ घण्टामा १४/१५ पटकसम्म ट्रिपिङ भइरहेका कारण औद्योगिक उपकरण बिग्रिनुका साथै कच्चा पदार्थ नोक्सान भइरहेको समेत विज्ञप्तिमा भनिएको छ। यो समस्या समाधानका लागि लोडसेडिङको निश्चित समयावधि नै तोकी बाँकी समय गुणस्तरीय विद्युत् आपूर्ति गर्नुपर्ने संघको धारणा रहेको विज्ञप्तिमा उल्लेख छ। संघले हिउँद मौसममा प्रत्येक वर्ष विद्युत् आपूर्तिमा समस्या आइरहेकाले यसको दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

# सरकारविरुद्ध जनमतको प्रर्दशन

**कमलेश ठाकुर**

जनकपुर, ३१ चैत्र। मधेश प्रदेश सरकारविरुद्ध जनमत पार्टीले प्रर्दशन गरेको छ। आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि जनमत पार्टीका नेताहरूले सरकार र सरकारका मन्त्रीविरुद्ध प्रर्दशन गरेका हुन् । मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वकै सरकार छ। तर नेताहरूले सरकारको कामकाजप्रति असन्तुष्टि जनाउँदै प्रर्दशन गरेका छन्। योजना खरिद–बिक्रीका सन्दर्भमा छानबिन गर्न, धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा एउटा पनि योजना नदिएको भन्दै पुरक परियोजनाबाट बजेट विनियोजन गर्न माग गर्दै प्रर्दशन गरेको पार्टीका नेता डा. प्रशन्नकुमार झाले बताए। प्रर्दशनमा सहभागीहरूले 'भ्रष्ट मन्त्रीलाई कारबाही गर', 'योजना खरिद–बिक्री गर्न पाइँदैन' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर नाराबाजी गरेका थिए।




# कोशी नदीमा 'पाइलट च्यानल' खनेर बहाव फर्काउँदै भारत

**विद्यानन्द राम**

राजविराज, ३१ चैत्र। कोशी नदीको प्राकृतिक बहावलाई पश्चिमी तटबन्धतर्फ धकेल्न भारतीय पक्षले 'पाइलट च्यानल' खनिरहेको छ। अहिले नदीमा ३०/३५ वटा स्काइपर ( माटो काट्ने ट्याक्टर) र एउटा स्काभेटरको सहायताले 'पाइलट च्यानल' खनिरहेका छन्। तर, ठूलै लगानीमा खन्न लागेको 'पाइलट च्यानल'ले पश्चिमी भू–भागमा



बसोबास गर्ने नेपाली नागरिकमा भने बाढीको जोखिम थप बढ्ने चिन्ता थपिएको छ। भारतीय पक्षले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ टिकुलियाँस्थित नदीमा 'पाइलट च्यानल' बनाउन लागेको हो। 'पूर्वी तटबन्धतर्फ प्राकृतिक रुपमा बग्ने गरेको मुख्य भंगालोलाई पश्चिमी तटबन्धतर्फ धकेल्ने उद्देश्यले भारतीय पक्षले यहाँ च्यानलाइज गर्दैछन्,' हनुमाननगर कंकालिनी नगरपालिका–१४ का वडाध्यक्षसमेत रहेका कृष्ण यादवले भने, 'यसले नेपाली भूमिका आधा दर्जन बस्ती बाढीको उच्च जोखिममा पर्ने निश्चित छ।'

उनका अनुसार नदीको बीचबाट 'पाइलट च्यानल' खन्नुपर्नेमा पश्चिमी किनारबाट खनिरहँदा तटबन्ध भत्किने र यसले टिकुलियाँ, बनरझुला, डल्बा, रम्पुरा लगायतका बस्ती बाढीको उच्च जोखिममा पर्ने खतरा बढाएको छ। चैत १३ गतेदेखि सुरु भएको 'पाइलट च्यानल' खन्ने कार्यमा स्थानीय बासिन्दाले अवरोध समेत गरेका थिए। अवरोधपछि सात दिन नदीमा खन्ने काम पनि रोकियो। गत बुधवार दिनदेखि पुनः 'पाइलट च्यानल' खन्ने कार्यलाई तीव्रता दिइएको छ। तर, निर्माण कम्पनीका प्रतिनिधि भने सो कार्यबारे जानकारी दिन मान्दैनन्। सो स्थलमा सुमनकुमार मेहता र सत्रुधनप्रसाद मण्डल गरी निर्माण कम्पनीका दुई जना नेपाली प्रतिनिधि छन्। उनीहरुले सो कार्यको विस्तृत जानकारी नै नरहेको बताउँछन्। 'के–कति बजेट छ र कति किलोमिटर पाइलट च्यानल खन्नुपर्ने हो ? त्यो हामीलाई थाहा हुँदैन,' मेहताले भने, 'माथिबाट भनेअनुसार हामीले काम गर्ने हो।' उनीहरुकाअनुसार पनि पूर्वी बहावलाई पश्चिमतर्फ फर्काउन सो 'पाइलट च्यानल' खनिरहेका छन्।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलले 'पाइलट च्यानल' निर्माण भइरहेको विषयमा आफूसँग कुनै समन्वय नभएको बताए। 'त्यो विषयमा मलाई जानकारी छैन्, भारतीय पक्षले कोसीमा काम गर्दा हामीलाई कहिले पनि समन्वय वा जानकारी गराउँदैन,' उनले भने, 'म स्थलगत पुगेर हेर्छु नै, सर्वसाधारणमाथि जोखिम थपिने काम कहिकत्तै हुनुभएन।'

**भारततिर जोखिम कम गर्ने प्रयास**

बहुचर्चित कोशी सम्झौताअनुसार ब्यारेज, तटबन्ध लगायतका संरचनाको मर्मत–सम्भार गर्ने जिम्मेवारी भारतीय पक्षको हो। तर, उनीहरुले ठोस् तटबन्ध बनाउनुपर्नेमा मर्मतका नाममा बोरामा बालुवा हालेर थुनछेक गरेरै काम चलाइरहँदा बर्सेनि स्थानीय बासिन्दा जोखिम मोलेर बस्न बाध्य छन् भने पूर्वी तटबन्धमा अझ जोखिम कायमै रहँदा भारत बिहार राज्यका अररिया, सहर्सा, सुपौल, पूर्णियासहितका भू–भाग डुबानमा पर्नसक्ने खतरा छ। भारततर्फको जोखिम कम गर्न नै ती 'पाइलट च्यानल' खन्न लागिएको हो। 'पाइलट च्यानल' पनि डेढ महिनाभित्रै सम्पन्न गरिसक्नुपर्ने निर्माण कम्पनीका प्रतिनिधि नै बताउँछन्।

परियोजनाका विराटनगरस्थित सम्पर्क कार्यालयका सह भू–आर्जन सम्पर्क अधिकृत चैतन्य सिटैलाले आफूहरुसँग समन्वय भएरै 'पाइलट च्यानल' खन्ने कार्य भइरहेको बताए। तर, कति किलोमिटरसम्म 'पाइलट च्यानल' खन्ने, चौडाई र गहिराई कति हुने विषयमा उनी स्पष्ट छैनन्। 'मैले पनि स्टिमेट नै हेर्नुपर्छ, मंगलबार अफिस पुगेर हेरेपछि मात्र भन्न सक्छु', उनले भने। प्रमुख जिल्ला अधिकारी भोला दाहालले नेपालतर्फका सिँचाइ विभाग र भारतीय पक्षबीच छलफल भइ सो निर्माण कार्य अघि बढाएको विषय जानकारीमा आएको बताए। 'म त्यहाँ पुगेको छैन, एक–दुई दिनमा हामी स्थलगत निरीक्षणमा जान्छौं', उनले भने।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)